**२०७७ साल श्रावण १ गते बिहीवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् –**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५" को अनुसूचीमा हेरफेर गर्न स्वीकृति प्रदान गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" को दोस्रो संशोधन स्वीकृत गर्ने।

३. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** "प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५" लाई संशोधन गर्न बनेको कार्यविधि स्वीकृत गर्ने।

४. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय :** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मातहतका निकायहरुबाट प्रदान गरिने सेवामा आर्थिक वर्ष २०७७/७८ मा लिइने कर, शुल्क, दस्तुर र मूल्य स्वीकृत गर्ने।

५. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय :** "उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७" स्वीकृत गर्ने।

६. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय :** "शुलभ कर्जा सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" को पहिलो संशोधन स्वीकृत गर्ने।

७. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय :** "सहकारी विकास कोष परिचालन कार्यविधि, २०७७" स्वीकृत गर्ने।

८. **भौतिक पूर्वाधार विकास मन्त्रालय :** भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्तर्गतका निकायबाट प्रदान गरिने सेवाहरु वापत लिइने सेवा शुल्क तथा दस्तुरहरुको दररेट स्वीकृत गर्ने।

९. **भौतिक पूर्वाधार विकास मन्त्रालय :** यातायात क्षेत्रको शुल्क तथा दस्तुरमा लाग्ने बिलम्ब शुल्क (जरिवना) मिनाहा गर्ने।